
**DOI:** https://doi.org/10.3126/pragyaratna.v6i2.70587

Established by INASP in 2007. Managed by Tribhuvan University Central Library.

Contents lists available at NepJol

**Pragyaratna**

*A Peer-Reviewed, Open Access Journal*



# नेपाली शिक्षाका विद्यार्थीको आलोचनात्मक लेखनका प्रभावक तत्त्व : एक न्यारेटिभ खोज

शक्तिराज नेपाल [a] ✉

✉snepal758@gmail.com

[a] Faculty of Education, Tribhuvan University, Mahendra Ratna Campus

**Article Info**

**Received:** August 8, 2024

**Accepted:** September 18, 2024

**Published:** October 22, 2024

**लेखसार**

*प्रस्तुत लेख नेपाली भाषा शिक्षाका विद्यार्थीको आलोचनात्मक लेखनमा पार्ने प्रभावक तत्त्वको विश्लेषण गर्न विषयमा केन्द्रित छ। नेपाली भाषा शिक्षाका विद्यार्थीको आलोचनात्मक चेतको विकास तथा सोसम्बन्धी अभ्यासले आलोचनात्मक सोचाइ, पठन र लेखनसम्मका गतिविधिमा पार्ने प्रभावक तत्त्वलाई न्यारेटिभ खोजका आधारमा विश्लेषण गर्नु यस लेखको उद्देश्य हो । आलोचनात्मक अनुसन्धानको प्रतिमान तथा न्यारेटिभ खोजको ढाँचामा आधारित प्रस्तुत अध्ययनमा अन्तर्वार्ता विधिका माध्यमले तथ्याङ्क सङ्कलन गरिएको तथा आलोचनात्मक चेतको अनुभव र विकास, शिक्षक विद्यार्थी अन्तरक्रिया, सामाजिक सांस्कृतिक सन्दर्भ, सहभागीको शक्ति सम्बन्ध (अधिकार, आवाज र विषय) जस्ता थिमहरूमा आधारित भई विश्लेषण गरिएको छ । उक्त ढाँचामा अध्ययन गर्दा भाषा शिक्षाको कक्षाकोठामा प्रयोग भएको भाषाले शक्तिशाली भूमिका खेल्ने, शिक्षकको नियन्त्रणमा विषयवस्तु, शीर्षक चयन, गतिविधि तथा क्रियाकलाप निर्धारण, निष्कर्ष निर्माण, हरेक कुराको व्याख्या, वर्णन तथा मूल्याङ्कनमा पनि शिक्षकको नै आग्रहपूर्ण भूमिका रहने भएकाले विद्यार्थीको आलोचनात्मक लेखाइमा प्रभाव पर्दछ। विद्यार्थीको सामाजिक, सांस्कृतिक सम्बन्ध तथा शिक्षक विद्यार्थी अन्तरक्रियाले पनि आलोचनात्मक लेखाइमा प्रभाव पार्दछ । विद्यार्थीको भाषिक, सामाजिक, सांस्कृतिक शक्तिको भूमिकाका कारण क्रियाकलापमा पनि वर्गीय तथा पहिचानविशेष प्रभाव पर्दछ । वस्तुतः विद्यार्थीले आफ्नो दृष्टिकोणभन्दा साझा दृष्टिकोणमा विश्वास गर्नुपर्ने भएकाले उनीहरूको आलोचनात्मक सोचाइ, पठन तथा लेखाइसमेतलाई प्रभाव पर्ने निष्कर्ष देखिन्छ । उक्त किसिमको प्रभावक तत्त्वको अध्ययन गरी भाषा शिक्षाका विद्यार्थीको आलोचनात्मक लेखाइ सिपको विकासमा भूमिका खेल्नका लागि प्रस्तुत लेखको उपयोगिता रहेको देखिन्छ ।*

**शब्दकुञ्जी**: *आलोचनात्मक लेखाइ, भाषिक अन्तरक्रिया, व्यक्तिविशेष दृष्टिकोण, सहभागीको शक्ति सम्बन्ध, शिक्षककेन्द्रित भूमिका*

## विषय परिचय

उसको रुचि नै लेखन तथा पठनमा थियो । अझ हरेक कुरा र विषयमा प्रश्न सोध्ने बानीले उसलाई आलोचनात्मक व्यक्ति र शैलीलाई आलोचनात्मक शैली बनाएको थियो । उसको चेतना पनि आलोचनात्मक बन्यो । त्यसप्रकारको आलोचनात्मक लेखनलाई प्राज्ञिक लेखनको एक पक्ष मानिन्छ । उसभित्रको प्राज्ञिक प्रवृत्तिले नै उसको चेतनालाई प्राज्ञिक बनायो । प्राज्ञिक लेखन भन्नाले उच्चस्तरको लेखन तथा विज्ञ, अनुसन्धाता, व्यावसायिक लेखन र विश्वविद्यालयका विद्यार्थीको लेखनलाई बुझिन्छ । यस प्रकारको लेखनलाई अझ प्रस्ट पार्दै मुरे र मोर (सन् २००६) ले चर्चा गरेका छन् :

प्राज्ञिक लेखन भनेको कसैका स्वनिर्मित विचारहरूलाई प्रदर्शन गरिएको विचार होइन । यो त विभिन्न खालका त्रुटि, अपूर्ण अभ्यास, अस्पष्ट अनुमान, अपरिपक्व विचार र अवधारणाबाट सुरु हुन्छ । यदि कसैले यसको अन्तर्निहित पुनरावृत्तिमाथि हस्तक्षेप गरी आफूअनुकूल बनाउन खोज्यो भने यसले व्यक्तिलाई पूर्ण ढाँचा, सर्कल र मान्यतामा आउन मार्गदर्शन गर्छ । व्यक्तिले पहिलोपटक सोचेका, लेखेका, तयार गरेका वा निर्माण गरेका विचार, लेखन तथा सामग्रीलाई लामो समयपछि पुनः अवलोकन गर्न, पुनः संरचित गर्न र एउटै कुरालाई विभिन्न तरिकामा अन्वेषण गर्न, प्रयोग गर्न, परिमार्जन गर्न, दोहोऱ्याउन र अवधारणा बनाउन निर्देश गर्छ । ती सबै कुरा व्यक्तिको गुणस्तर, परिपक्वता, र विचारको सारका लागि तर्कसङ्गत रूपमा केन्द्रित हुन्छन् । जुन कुरा व्यावसायिक व्यक्तिले आफ्नो दैनिकीका रूपमा जस्तै, शिक्षण, अनुसन्धान, पर्यवेक्षण र विद्यार्थीलाई मार्गदर्शन गर्दा अभ्यास गर्दछ (पृ. ५) ।

प्राज्ञिक लेखनको प्रवृत्ति नै स्तरीय, औपचारिक र वस्तुगत लेखनमा आधारित भएकाले यसलाई एक निश्चित शैली तथा ढाँचामा आधारित लेखनका रूपमा अपनाइन्छ । यसका विभिन्न प्रवृत्तिमध्ये आलोचनात्मक लेखन पनि कुनै लेखकको विचारलाई दाबी र तर्क गर्दै स्थापित गर्ने लेखन शैली हो । यसमा पनि पठन, मन्थन, प्रश्न र सिर्जनाको सम्बन्ध रहेको हुन्छ । उसले पनि हरेक कुरामा सचेत भएर प्रश्न गर्थ्यो, जिज्ञासा राख्थ्यो र आफ्ना गहकिला तर्क राख्थ्यो । आफूभन्दा पनि विषय जानका व्यक्तिका कुरा सुनिरहने बानीका कारण उसमा हरेक विषयमा बहस र तर्क गर्ने बानीको विकास हुँदै जान थालेको थियो । वादे वादे जायते तत्वबोध भनेझैँ ऊ हरेक विषयमा निरन्तर छलफल गर्न रुचाउँथ्यो । कुनै पनि विषयको छलफलबाट ऊ भाग्दै भाग्दैनथ्यो । त्यस्तो स्वभावलाई १८ औं

ँ शताब्दीका दार्शनिक भोल्टेयरले मानिसलाई उसको उत्तरले होइन उसले गर्ने प्रश्नका आधारमा मूल्याङ्कन गर्नुपर्छ भनेका छन् । ऊ पनि प्रश्न कसरी सोध्ने र त्यसमा आफ्नो तर्कलाई कसरी गहकिलो बनाउने भन्ने कुरामा सचेत हुन्थ्यो । त्यसैलाई वारेस र वरे (सन् २०११) ले ¾आलोचनात्मक सोचाइ तथा कुनै प्राज्ञिक तत्त्वको सम्भावना भनेर उल्लेख गरेका छन्® । त्यससँगै उनीहरूले अझै थपे का छन् ¾प्राज्ञिक पाठमा आलोचनात्मक सोचाइका पक्षको सबैभन्दा आधारभूत अपेक्षा भनेकै कुनै दह्रो प्रमाण तथा आफ्नो दाबी हो र त्यसलाई विभिन्न कारणहरूले सहयोग गरेको हुनुपर्छ" (पृ.४) । त्यसैले पनि उसमा हरेक कुराको कारण, प्रमाण, तथ्य तथा विषयको गहनता बुझ्ने चासो धेरै जाग्थ्यो ।

उसले अध्ययन गर्दा पनि विभिन्न तर्क र विचारका सामग्रीलाई बढी रोज्थ्यो । तार्किक लेखकका सामग्री बढी अध्ययन गर्ने र त्यसमा आफूले प्रश्न जन्माउने अभ्यास गर्थ्यो । वारेस र वरे (सन् २०११) ले ¾लेखकले आफू पूर्वाग्रहरहित भएर कुनै सामग्री लेखेको भए तापनि त्यो कहीँ न कहीँ गएर कुनै विषयपट्टि ढल्किएकै हुन्छ® (पृ.१८) भनेजस्तो उसमा पनि कुनै कृति वा सामग्रीमा प्रस्तुत गरि एका विषय वा सूचनाप्रति प्रश्न गर्ने बानी परिसकेको थियो । हरेक विषयको छलफल र अन्तरक्रियाको क्रमले नै वस्तुगत तत्त्वको बोध गराउँछ भने झैँ उसमा पनि वस्तुगत विचार र प्रस्तुतिका शृङ्खलाको विकास भइरहेको थियो । उसको विचार पनि कुनै पनि विचार, घटना वा परिस्थितिलाई पूर्वाग्रह नराखी तथ्य र वास्तविकताको धरातलमा विश्लेषण गर्नुपर्छ भन्ने मान्यतामा आधारित थियो ।

कुनै तर्क, बहस र दाबीयुक्त विषयमा कुराकानी गर्दा पनि उसले अल्बर्ट आइन्स्टाइनको भनाइलाई सुनाउँथ्यो ¾कहिल्यै पनि एउटै प्रकारको सोचाइको प्रयोग गरेर हामी आफैँले सिर्जना गरेका समस्याको समाधान गर्न सक्दैनौँ® । सायद अल्बर्ट आइन्स्टाइनको त्यो भनाइलाई पटकपटक दोहोऱ्याउँथ्यो । यस्तो लाग्थ्यो कि त्यो भनाइ नै उसकै आफ्नै निजी भनाइ हो । तर अल्बर्ट आइन्स्टाइन्को नाम लिन बिर्संदैनथ्यो । उसको त्यसकिसिमको सोचाइ नै आलोचनात्मक किसिमको थियो । अनि सोही कुराबाट आलोचनात्मक चेतको विकास हुन थाल्यो वा अध्ययन गर्न थालियो । उसका हरेक प्रश्नको पनि क्रम हुन्थ्यो । पत्रकारितामा प्रयोग गरिने 5W-H को सूत्रलाई उसले प्रश्न गर्ने आधार बनाउँथ्यो । ग्रिन र लिडिन्स्की (सन् २०१५) ले ¾व्यक्तिका विचारहरू लेनदेनको प्रक्रिया वा वार्तालापको प्रक्रियाबाट विकसित हुन्छन्, उक्त अवस्थामा व्यक्तिको बहुल दृष्टिकोणले नै मुख्य भूमिका खेलेको हुन्छ® (पृ.१०) भने जस्तै उसले पनि आफ्नो दृष्टिकोणलाई फरक दृष्टिकोणका रूपमा प्रस्तुत गर्न थाल्यो ।

शिक्षाका क्षेत्रमा आलोचनात्मक सोचाइ कसरी प्रयोगमा आयो भन्ने बारेमा काजाजोग्लु (सन् २०२२, पृ.९) ले चर्चा गरेका छन्:

आलोचनात्मक सोचाइ (Critical Thinking) शब्दावलीलाई सर्वप्रथम अमेरिकन दार्शनिक जोन डिवे (सन् २०१२) ले शैक्षिक प्रयो जनले गरेका थिए । उनले यसलाई Reflective thinking (प्रतिबिम्बात्मक सोचाइ) का रूपमा चर्चा गरेका थिए । डिवेले चर्चा गरे अनुसार कुनै पनि भाषाको शिक्षणमा बोल्नुभन्दा अगाडि सुन्नु, पढ्नुभन्दा अगाडि बोल्नु र बोल्नुभन्दा अगाडि लेख्नु भन्ने शिक्षणक्रम हुन्छ । अहिले पनि भाषाका पढाइ र लेखाइ सिपहरू सिकाइको अनुभवका रूपमा सक्रिय ढङ्गले अभ्यासमा आउन सकेका छैनन् । यी सबै कुराको सन्दर्भमा विद्यार्थीलाई आलोचनात्मक सोचाइले बढी मदत गर्दछ (पृ.९, भूमिका) ।

जोन डिवेको उक्त मान्यताअनुसार रिफ्लेक्टिभ सोचाइको आधार नै आलोचनात्मक सोचाइ रहेछ भन्ने कुरालाई मान्दै उसले पनि वाल्कर र वाल्कर (सन् २०२०) ले  भने जस्तो ¾आलोचनात्मक सोचाइ भनेको तर्कहरूलाई विश्लेषण गर्ने, ती तर्कहरूको मूल्याङ्कन गर्ने र सान्दर्भिक ढङ्गले दाबी प्रस्तुत गरी निष्कर्ष निकालेर प्रस्तुत गर्ने® (पृ.२२) शैलीको प्रयोग गर्थ्यो । उक्त पृष्ठभूमिमा उसले भाषा शिक्षणमा आलोचनात्मक लेखनका स्थितिको अध्ययन गर्नपर्छ भन्ने निष्कर्षमा पुग्यो । त्यसपछि उसले नेपाली भाषा शिक्षामा स्नातकोत्तर उपाधि हासिल गरी लेखन र पठनमा आलोचनात्मक चेतको विकास गर्नका लागि लेखन र प्रकाशनका कार्यलाई आफ्नो पेसा बनायो । उसको उक्त आलोचनात्मक पठन र लेखनमा बिताएका र अध्ययन गरेका अनुभव तथा भाषा शिक्षाको कक्षामा भएका गतिविधिको कहानी नै यस अध्ययनको प्रमुख स्रोत बनेको छ । शिक्षाशास्त्रका हरेक विद्यार्थी आलोचनात्मक पाठक, आलोचनात्मक लेखक र आलो चनात्मक विश्लेषक बन्नसक्नुपर्छ भन्ने आधारभूमिलाई टेकी नेपाली भाषा शिक्षामा पनि आलोचनात्मक लेखन एक अध्ययनीय विषय भएकाले यस लेखमा उक्त रिक्तता पूरा गर्ने उद्देश्य राखिएको छ । यस अध्ययनमा सहभागीले प्राप्त गरेका आलोचनात्मक पठन र ले खनका अनुभवलाई तथ्याङ्कको आधार मानिएको छ । आलोचनात्मक पठन वा लेखनलाई प्रस्तुत गर्ने उद्देश्य पूरा गर्नका लागि आलो चनात्मक पठन र लेखनसम्बन्धी सामग्रीका बारेमा समीक्षात्मक प्रस्तुत गरिएको छ ।

प्रस्तुत अध्ययनको सहभागीका आलोचनात्मक पठन र लेखनसम्बन्धी रहेका अनुभूति, दृष्टिकोण, सोचाइ, मत तथा अन्य विचारलाई विश्लेषण गर्नका लागि व्याख्यात्मक तथा वर्णनात्मक विश्लेषण ढाँचालाई अपनाइएको छ । ¾व्यक्तिगत अनुभवका आधारमा नेपाली भाषा शिक्षाका विद्यार्थीको आलोचनात्मक लेखनको अभ्यास तथा परम्परा कस्तो छ भनेर अध्ययन गर्नका लागि न्यारेटिभ खोज विधि नै उपयुक्त विधि बनेको छ® (हाइडन र रियट, सन् २०१७, पृ. ८५) । ¾आफ्नो लामो समयको अनुभवले आफूभित्रको अर्न्तज्ञानलाई तथ्याङ्क बनाएर अध्ययन गर्दा न्यारेटिभ खोज विधि नै महत्त्वपूर्ण हुन्छ® (नेपाल, सन् २०२४, पृ. ३३) । यस अध्ययनमा पनि एउटा नेपाली भाषा शिक्षाको विद्यार्थीले विकास गरेको आलोचनात्मक पठन र लेखनको लामो अनुभवका आधारमा नेपाली भाषा शिक्षाका विद्यार्थीको आलोचनात्मक लेखनमा प्रभाव पार्ने तत्त्वहरू के कस्ता छन् भनेर विश्लेषण गरिएको छ ।

प्रस्तुत लेखको मुख्य उद्देश्य भनेको नेपाली भाषा शिक्षाका विद्यार्थीको आलोचनात्मक लेखनका स्थितिको अध्ययन गर्नु र आलोचनात्मक लेखनको मूल्याङ्कनका आधार प्रस्ताव गर्ने हो । तृतीय पुरुषीय पात्र ‘ऊ’ नै यस अध्ययनका लागि तथ्याङ्कको स्रोत हो । उसले प्राप्त गरेका अनुभव र अन्तर्ज्ञानका आधारमा लेखनमा आलोचनात्मक चेतको अनुभव र विकास, शिक्षक विद्यार्थी अन्तरक्रिया, सांस्कृतिक सन्दर्भ, शक्ति सम्बन्ध जस्ता थिमका आधारमा सहभागीका कहानीको विश्लेषण नै यस अध्ययनका विषय बनेका छन् ।

नेपाली भाषा शिक्षाका क्षेत्रमा न्यारेटिभ खोज अध्ययन विधिलाई पनि उपयोग गर्नुपर्छ । ¾नेपाली शिक्षाको अनुसन्धानका क्षेत्रमा अब सहभागीको सिर्जनात्मकता, फरकपना, अनुभूति तथा विचार र स्मरणलाई पनि अध्ययन गर्नुपर्छ र अध्ययनमा मौलिकता ल्याउनुपर्छ भन्ने मान्यतामा न्यारेटिभ खोज आधारित छ® (नेपाल, सन् २०२४, पृ. ३४) । त्यसैगरी ¾गुणात्मक अनुसन्धानका क्षेत्रमा तथ्याङ्कको व्याख्या तथा विश्लेषण गर्नका लागि न्यारेटिभ खोजका विधिहरू अत्यन्तै प्रभावकारी विधि बन्दै गएका छन्® (कोहेन र अन्य, सन् २०१८, पृ. ६६४) । यसको मतलव ¾अनुसन्धानमा छानिएको सहभागीको पेसाका लामो अनुभवलाई पनि तथ्याङ्कको स्रोत मानी अनुसन्धेय मुद्दाको विश्लेषण गर्नु सत्यको विविधता खोज्नु हो® (ब्रनर, सन् १९८६, पृ.पृ. २४-२९) । सोही न्यारेटिभ खोजका आधारमा नेपाली भाषा शिक्षाको पुरानो विद्यार्थी तथा आलोचनात्मक पठन र लेखनलाई पेसा बनाई लामो समयसम्म बटुलिसकेको अनुभवलाई अध्ययन विश्लेषण गरिने भएकाले अनुभवी सहभागीको गहनतासम्बन्धी सूचना नै यस अध्ययनको यथार्थसम्बन्धी धारणा हो । भाषा शिक्षाको कक्षाकोठामा विविध प्रकृतिका विद्यार्थी जम्मा हुन्छन् । उनीहरूको रुचि पनि विविध प्रकृतिको हुन्छ । उक्त अवस्थामा विद्यार्थीहरूको आलोचनात्मक शैलीको अध्ययन गर्दै विश्वविद्यालयको समग्र गुणस्तर सुधार्ने प्रभावक तत्त्वका रूपमा न्यारेटिभ खोज विधिको उपयोग गरी सहभागीको कहानीको थिमेटिक विश्लेषण गरिने भएकाले यस लेखको औचित्य रहेको मानिन्छ ।

## नेपाली भाषा शिक्षाको क्षेत्रमा अनुसन्धानात्मक वा दार्शनिक आधारको उपयोग

भाषा शिक्षाको अध्ययन अनुसन्धानमा विशेषतः वर्णनात्मकवादी (Interpretivist) दार्शनिक आधारलाई बढी अपनाउने गरिएको पाइन्छ । नेपाली भाषा शिक्षाका सन्दर्भमा पनि सोही आधारको उपयोग गरिन्छ । अनुसन्धानका क्षेत्रमा सकारात्मकवादी दृष्टिकोण (Positivist) ले समेट्न नसकेका तथ्याङ्कका आयामलाई विश्लेषण गर्नका लागि विभिन्न खालका दृष्टिकोणको विकास भएका छन् । वर्णनात्मकवादी (Interpretivist) दृष्टिकोणका पृष्ठभूमिमा तथ्याङ्कका विविध आयामको विश्लेषण गर्नका लागि वा किन र कसरी भन्ने प्रश्न गर्नका लागि मार्गदर्शन गर्न आलोचनात्मकवादी दृष्टिकोण (Criticalist) लाई अपनाउन थालिएको छ । ¾यसले सन्दर्भपरक सत्यलाई बढी प्रस्तुत गर्दछ® (नेपाल, सन् २०२४, पृ. ३५) । आलोचनात्मक दृष्टिकोणले सामाजिक न्यायका कुरालाई पनि समेट्न मदत गर्दछ । प्रस्तुत लेख पनि आलोचनात्मक शैक्षिक अनुसन्धानको पृष्ठभूमिमा आधारित भएकाले यसमा आलोचनात्मक दृष्टिकोणका मान्यता बढी अपेक्षित हुन्छन् । ¾सकारात्मकवादी (Positivist) र वर्णनात्मकवादी (Interpretivist) का दृष्टिकोणले सामाजिक न्याय र व्यवहारलाई समेट्न नसक्ने भएकाले अनुसन्धानका क्षेत्रमा नै आलोचनात्मक (Criticalist) दृष्टिकोणलाई अपनाउन थालिएको हो® (कोहेन र अन्य, सन् २०१८, पृ. ५१) । सामाजिक व्यवहारका साथमा राजनीतिक र वैचारिक सन्दर्भलाई समेट्नका लागि आलोचनात्मक दृष्टिकोणको आवश्यकता पर्दछ । प्रस्तुत लेखको मान्यता तथा विषयको सान्दर्भिकता पनि विषयमा कस्ता प्रकारका सामाजिक प्रजातन्त्रको संयोजन गरिएको हुनुपर्छ भन्ने भएकाले यस अध्ययनमा पनि आलोचनात्मक (Criticalist) दृष्टिकोणको दार्शनिक आधारलाई अपनाइएको छ ।

## न्यारेटिभ खोज ढाँचाको शैली

नेपाली भाषा शिक्षाको अनुसन्धानमा विभिन्न प्रकारका अध्ययन ढाँचाको प्रयोग गर्ने अभ्यास छन् । गुणात्मक अनुसन्धानमा न्यारेटिभ खोजलाई सहभागीको जीवन्त अनुभवका विभिन्न घटनाहरूको समग्र कथनका रूपमा अपनाइन्छ । ¾न्यारेटिभ खोज विधिले सहभागीको जीवन्त अनुभवलाई अन्वेषण गर्दछ® (किम, सन् २०१६) । न्यारेटिभ खोजमा सहभागीका अनुभूतिलाई नै तथ्याङ्कका रूपमा सङ्कलन गरिन्छ । ¾मानव जीवनका अविष्मरणीय अनुभवको सङ्कलन गरी तथ्याङ्कको व्याख्या तथा विश्लेषण गर्ने कुरामा न्यारेटिभ खोज केन्द्रित हुन्छ® (नेपाल, सन् २०२४, पृ. ३६) । समाजप्रतिको मानवका सामाजिक व्यवहार, सामाजिक न्याय तथा कार्यप्रति सहभागीको दृष्टिकोणको विश्लेषण गर्दा विभिन्न थिमको निर्माण गरेर उक्त थिमका वरिपरि रही गहन अन्तरवार्ताका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिन्छ । यसको मतलव यस अध्ययन विधि वा ढाँचाले अनेकौँ थिमको सारका रूपमा सहभागीको जीवनगाथालाई अपनाउँछ । न्यारेटिभ खोजका विभिन्न प्रकारमध्ये यस अध्ययनमा सहभागीको जीवनगाथामा आधारित जीवनी (Autobiographic) खोजको आधार अपनाइएको छ । कहानी कथनका क्रममा अध्येताले तृतीय पुरुषीय कथन शैली अपनाएको छ ।

यसै सन्दर्भमा ¾आलोचनात्मक सोचाइ, आलोचनात्मक पठन र आलोचनात्मक लेखाइका बिचमा रहेको सम्बन्धलाई पनि अध्ययन गर्दा उसले गरे जस्तो पठन कलाका विभिन्न रूपको प्रयोग गर्नु, पाठमा भएका शक्तिहरूको सम्बन्धको पहिचान गर्नु, पाठभित्रका सन्दर्भ, सूचना र तथ्यलाई सोधिने प्रश्नको सम्भावनाको खोजी, विश्वव्यापी मान्यता, नयाँ तर्कका सम्भावनाको खोजी® (मेनारिन र अन्य, सन् २०१५, पृ.६) लाई आलोचनात्मक पठनका रूपमा अभ्यास गरेको पाइयो । त्यसैगरी आलोचनात्मक पठन र आलोचनात्मक लेखनका बिचको फरकलाई काजाजोग्लु (सन् २०२२, पृ.६) ले यसप्रकार प्रस्तुत गरेका छन् :

| आलोचनात्मक पठन | आलोचनात्मक लेखन |
|---|---|
| आलोचनात्मक पठनमा लेखकले के कुरालाई प्राप्त गर्न चाहन्छ भन्ने कुराको बोध गरिन्छ, | लेखकले आफूले के कुरा प्राप्त गर्न खोजेको छ भन्ने कुरालाई निष्पक्ष भएर प्रस्तुत गरिन्छ, |
| यसमा तर्कका विभिन्न संरचना र ढाँचाको पहिचान गरिन्छ, | यसमा लेखकका आफ्ना तर्कको ढाँचा तथा संरचना र आफ्नो तर्कलाई पाठकसमक्ष पुर्‍याउने मार्गको सिर्जना गरिन्छ, |
| लेखकले प्रस्तुत गरेका मुख्य मुख्य दाबीलाई बोध गरिन्छ, | यस्तो लेखनमा आफ्नो लेखनका मुख्य मुख्य दाबीलाई प्रस्तुत गरिन्छ, |
| लेखकका दाबीहरूमा शङ्का गर्ने तथा तिनीहरूको सहयोगका रूपमा प्रस्तुत गरिएका प्रमाणको अध्ययन गरिन्छ, | आफ्ना दाबीलाई पर्याप्त प्रमाण तथा तथ्यलाई प्रस्तुत गरिन्छ, |
| कुनै सामान्यीकरण गरिएको भए त्यसलाई मूल्याङ्कन गरिन्छ, | यस्तो लेखनमा लेखकले सकेसम्म सामान्यीकरणलाई निषेध नै गर्छ, |
| लेखकले आफ्नो दाबी तथा प्रमाणका लागि विशेष शब्दको व्याख्या कसरी गरेको छ, ती शब्दहरूको सन्तुलित प्रयोगमा कति ध्यान दिएको छ भनेर हेरिन्छ, | लेखकले आफ्नो दाबी, प्रमाण तथा तथ्यलाई प्रतिनिधित्व गर्ने विशेष शब्दको व्याख्या गर्ने र तिनीहरूको सन्तुलित प्रयोगमा ध्यान दिइन्छ, |
| लेखकले दाबी गर्ने मुख्य सैद्धान्तिक आधार वा दर्शन कुन हो, तथा लेखकले कुन विचारमा आधारित भई आफ्नो दाबी प्रस्तुत गरेको छ भन्ने कुराको अध्ययन गरिन्छ, | आफ्नो लेखनका दाबीलाई कुनै मार्गदर्शन वा विचारका आधारमा पुष्टि गर्ने कि होइन भन्नेमा प्रस्ट भइन्छ, |
| आफूलाई चित्त बुझ्ने आधारहरू खोजिन्छ, | आफ्ना पाठकलाई चित्त बुझाउन पर्याप्त आधारको तयार गरी दाबीलाई प्रमाणित गरिन्छ, |
| लेखकले कति सान्दर्भिक त कति असान्दर्भिक सामग्रीलाई प्रस्तुत गरेको छ भन्ने कुराको पठन गरिन्छ, | आफ्ना विचारलाई शृङ्खलाबद्ध ढङ्गले प्रस्तुत गर्दा असान्दर्भिक कुरालाई हटाई सान्दर्भिक कुरालाई मात्र प्राथमिकतामा राखिन्छ, |
| लेखकले कुनै अन्य सहयोगी सन्दर्भ सामग्री पनि प्रस्ताव गरेको भए त्यसलाई हेरिन्छ, | आफ्ना विषयलाई सान्दर्भिक बनाउनका लागि विभिन्न सन्दर्भ सामग्रीहरू प्रस्तुत गरिन्छ, |
| आरोप, गुनासो, नकारात्मक पक्षमात्र राखिएको छ कि छलफल वा बहस गर्ने ठाउँ दिइएको छ भन्ने कुराको खोजी गरिन्छ, | विनापूर्वाग्रह, कुनै व्यक्ति, जाति, धर्म, उमेर, लिङ्ग, पेसा आदिप्रति लक्षित नगरी निष्पक्ष ढङ्गले आफ्ना विषयलाई प्रस्तुत गरिन्छ, |

## परिसीमा

प्रस्तुत लेखमा नेपाली भाषा शिक्षामा अध्ययन गरेको व्यक्तिको जीवन कहानीका आधारमा आलोचनात्मक लेखनको पृष्ठभुमि तथा भाषिक कक्षाकोठाका सन्दर्भमा हुने प्रभावक तत्वहरू (आलोचनात्मक चेतको अनुभव र विकास, शिक्षक विद्यार्थी अन्तरक्रिया, सामाजिक सांस्कृतिक सन्दर्भ, सहभागीको शक्ति सम्बन्ध (अधिकार, आवाज र विषय) लाई थिम बनाई उक्त आधारमा मात्रै अध्ययन विश्लेषण गरिएको छ। नेपाली भाषा शिक्षाको विद्यार्थीले अपनाएको लेखन प्रकाशन पेसामा आलोचनात्मक लेखनको अवस्थाको पहिचान गर्नका लागि एकजना लेखक (नेपाली भाषा शिक्षाको अध्ययन गरेको) लाई मात्र सहभागी बनाइएको छ । उक्त सहभागीले दिएको प्रतिक्रियाका आधारमा मात्रै आलोचनात्मक लेखाइका प्रभावक तत्वको अध्ययन तथा विश्लेषण गरिएको छ ।

## पुर्वकार्यको समीक्षा

गडफ्रे (सन् २०२२) ले प्राज्ञिक क्षेत्रमा प्रयोग हुने भएकाले आलोचनात्मक लेखनलाई नकारात्मक आरोप प्रत्यारोपमा भन्दा पनि विषयमाथि प्रश्न उठाउने सिपका रूपमा चर्चा गरेका छन् । आलोचनात्मक सोचाइलाई समग्र पक्षका रूपमा प्रस्तुत गर्दै तथ्याङ्कको विश्लेषण, विचारको मुल्याङ्कन तथा मुल्य निर्धारणसम्मलाई तार्किक रूपले निर्देश गर्ने कलाका रूपमा प्रस्तुत गरिएको छ। सामान्यतः आलोचनात्मक लेखनमा विश्लेषण, मुल्याङ्कन र तर्कलाई विशेष प्राथमिकता दिइएको पाइन्छ (पृ.२२-२४) । (पुर्वकार्यका समीक्षामा चर्चा गर्नुपर्ने विषयहरू विषयपरिचयका सन्दर्भमा आएकाले यहाँ हुने पुनरावृत्तिलाई रोकिएको छ ।)

**विश्लेषणको ढाँचा**

***आलोचनात्मक चेतको अनुभव र विकास***

नेपाली भाषा शिक्षाका विद्यार्थीको अनुभवलाई तथ्याङ्कको स्रोत बनाई सम्बद्ध व्यक्तिले भोगेका समस्या, चुनौती, अभ्यास तथा सफलता र विभिन्न दृष्टिकोणलाई आलोचनात्मक चेतको अनुभव र विकासका रूपमा अध्ययन गरिन्छ। आलोचनात्मक चेतको विकास गर्नु भनेको त कुनै पनि विचार, घटना वा परिस्थितिलाई पुर्वाग्रह नराखी तथ्य र वास्तविकताको धरातलमा विश्लेषण गर्नु हो । तसर्थ आलोचनात्मक लेखाइको विश्लेषण गर्दा तथ्यको पक्ष लिइन्छ, कहानीको होइन ।

***शिक्षक विद्यार्थी अन्तरक्रिया***

नेपाली भाषा शिक्षाका शिक्षक तथा विद्यार्थीका बिचमा हुने अन्तरक्रियाको अध्ययन गरी आलोचनात्मक लेखाइको सन्दर्भका स्रोतको पहिचान गरिनुपर्छ। उक्त सन्दर्भले भाषा शिक्षामा प्रभावकारी शिक्षणसिकाइ प्रस्ताव गर्दछ र सिकारुलाई उत्प्रेरित गरी कक्षाकोठामा देखापर्ने चुनौती, समस्या र कठिनाइको सामना गर्न सहयोग गर्दछ।

***सामाजिक सांस्कृतिक सन्दर्भ***


विद्यार्थीहरूको सिकाइ वातावरणमा उनीहरूको सामाजिक सांस्कृतिक तत्त्वले प्रभाव पार्दछ। त्यसका साथै नेपाली शिक्षाका विद्यार्थीको आलोचनात्मक लेखन सिपका बिचको मुल्याङ्कन गर्नुपर्दछ । त्यसका लागि सामाजिक सांस्कृतिक विश्वास, मुल्य मान्यता र विशेष अभ्यासको खोजी गर्नुपर्दछ, जसले भाषा शिक्षामा लेखाइ तथा सिकाइको आकार प्रदान गर्दछ।

सहभागीको शक्ति सम्बन्ध (अधिकार, आवाज र विषय)

भाषाको कक्षाकोठामा भएका विद्यार्थीका बिचमा उनीहरूको अधिकार, उनीहरुको आवाज तथा विषयले पनि भुमिका खेल्नसक्तछ। ती हरेक कुराले विद्यार्थीको लेखन, अनुभव, सिकाइमा पनि प्रभाव पार्दछन्। त्यसका कारण विद्यार्थीको अधिकार, शक्ति, उनीहरुको आवाज र हैसियतले आलोचनात्मक लेखनका सन्दर्भमा देखिने मुद्दामा प्रभाव पार्दछ।

**अवधारणात्मक ढाँचा**

प्रस्तुत लेखको अवधारणात्मक ढाँचा यसप्रकार रहेको छ :




**अध्ययनविधि**

प्रस्तुत लेखमा गुणात्मक अध्ययन पद्धतिलाई अपनाइएको छ। विषयवस्तुका विश्लेषणअन्तर्गत अवधारणात्मक विश्लेषणको ढाँचालाई अपनाई पुस्तकालय कार्य तथा अनलाइन, गुगल, विभिन्न जर्नल र लेखहरूबाट सैद्धान्तिक समीक्षा गरी आलोचनात्मक लेखनको अवधारणात्मक पक्ष संरचित गरिएको छ । उक्त आधारमा आलोचनात्मक लेखन तथा पठनमा लामो समयदेखि अनुभव बटुलिरहेको नेपाली भाषा शिक्षाको एकजना पुर्वविद्यार्थीका कहानीलाई अन्तर्वार्ताका माध्यमबाट सङ्कलन गरिएको छ। उक्त अन्तर्वार्तालाई पटकपटक सुनेर उतार गरिसकेपछि प्रतिक्रियालाई थिममा वर्गीकरण गरिएको छ। वर्गीकृत थिमलाई न्यारेटिभ (समाख्यानात्मक) खोजको शैलीमा विश्लेषण गरी निष्कर्ष निकालिएको छ। साथै विषयलाई प्रस्तुत गर्दा तृतीय पुरुष कथन पद्धतिलाई आधार बनाइएको छ।

**व्याख्या तथा छलफल**

प्रस्तुत लेखमा लामो समयसम्म आलोचनात्मक पठन र लेखनमा सक्रिय सहभागीको कहानीलाई आलोचनात्मक लेखनका शैलीका आधारमा विश्लेषण गरिएको छ । उक्त विश्लेषणमा नेपाली भाषा शिक्षाका विद्यार्थीको आलोचनात्मक लेखनसम्बन्धी प्रतिक्रियालाई जम्मा पाँचवटा थिम बनाई व्याख्या र विश्लेषण गरिएको छ :

***आलोचनात्मक चेतको अनुभव र विकास***

सहभागीले आफ्नो लेखाइका गतिविधिमा सिर्जना भएका आलोचनात्मक चेतको अनुभव र विकासका बारेमा दिएको प्रतिक्रियालाई उसकै शैलीमा यहाँ प्रस्तुत गरिएको छ :

> *म एउटा भाषाको सिकारु थिएँ । लेखन, पठनको मेरो यात्रा एकदम कठिन थियो । अझ त्यहीँमाथि आलोचनात्मक चेतनाको पहिचान त धेरैपछि थाहा भयो । उक्त चेतनाले मेरो सोचाइलाई नै रूपान्तरण गरिदियो । त्यो सिर्फ एउटा शब्दभण्डारको खेल र व्याकरणको सचेतता मात्रै हो जस्तो लाग्थ्यो । त्यो सोचाइ त मेरो आफ्नो सामाजिक, सांस्कृतिक चेतनाको पनि गहिरो साक्षात्कार थियो । नेपाली भाषा शिक्षाको अध्ययनपश्चात सोचाइमा शक्तिको गतिशीलता, सामाजिक मुल्य र मान्यता तथा ऐतिहासिक कहानीहरूलाई प्रक्षेपण गरेको पाएँ । हरेक भाषाका नयाँ सिकारुका लागि उक्त चेतनाले नयाँ र फरक विश्वदृष्टिको निर्माणका लागि ढोका खोलिदिन्छ भन्ने थाहा भयो । सामाजिक न्याय र जागरणका लागि पनि भाषाको भुमिका महत्त्वपुर्ण हुन्छ भन्ने बुझेँ । भाषा सिकारुका रूपमा मेरा अनुभवहरूले भाषालाई सञ्चारको एक साधनका रूपमा मात्र प्रस्तुत गरेनन्, विभिन्न सन्दर्भको बोध तथा चेतनाको द्वार पनि हो भन्ने प्रस्तुत गरे । मेरो वरिपरिको दुनियाँसँग व्यस्त रहने, सामाजिक जीवनसँग समायोजन हुने कुराका लागि पनि मलाई भाषाले नै जिज्ञासु बनाइदियो ।*

प्रस्तुत कहानीमा सहभागीले आफ्नो भाषा सिकाइका दौरानमा सामाजिक, सांस्कृतिक पक्षले पारेको प्रभावका बारे प्रस्तुत गरेको छ । उसले आफ्नो आलोचनात्मक चेतनाको मुख्य कारक तत्त्व भनेको भाषाको सिकाइका अनुभव हुन् र उक्त अनुभवले सामाजिक दुनियाँमा रहेको वास्तविकताका कारण हरदम जिज्ञासा उत्पन्न गराइरह्यो भन्ने कुरालाई उल्लेख गरेको छ । नाइजेरियाको भाषाको कोर्सले आलोचनात्मक लेखाइका बारेमा प्रस्तुत गर्दै (सन् २०१५) आलोचनात्मक लेखाइको स्रोतमा हरेक सुचनामा प्रश्न गर्ने बानी निर्माण हुने, त्यसका लागि कुनै विषय वा पाठलाई विभिन्न कोणबाट दृष्टिकोणको विकास गर्नुपर्छ र जिज्ञासा उत्पन्न हुन्छ (पृ.११) । उक्त कुराको सम्बन्ध व्यक्तिले प्रयोग गर्ने भाषासँग रहन्छ । भाषाले पनि सामाजिक शक्तिका रूपमा भुमिका खेल्ने तथा उक्त भुमिकाका बिचमा सामाजिक, सांस्कृतिक मुल्य र मान्यताले पनि व्यक्तिलाई छुट्टै धारणा बनाउन तथा दृष्टिकोणको निर्माण गर्न मदत गर्छ । आलोचनात्मक लेखाइमा देखिने आलोचनात्मक चेतनाको मुख्य स्रोत नै लेखकको सामाजिक, सांस्कृतिक मुल्य मान्यता हो । उक्त चेतनाले नै व्यक्तिको सोचाइमा आलोचनात्मक चेतको विकास गरिदिन्छ साथमा भाषाका कारण व्यक्ति समाजमा समेत गतिशील बन्दछ र आलोचनात्मक चेतको विकास गर्छ । उसका अनुभवहरूले पनि थप चेतनशील आलोचनाको दायरा फराकिलो बनाइदिन्छन् ।

सहभागीले आफ्नो आलोचनात्मक चेतको विकासका लागि भाषा सिकाइको घटनालाई ठुलो आधार मानेको छ । उक्त आधारले उसलाई भाषाको सामाजिक शक्तिमाथि प्रश्न सोध्न बाध्य बनाएको देखिन्छ । वालेस र रे (सन् २०११, पृ.८) ले आलोचनात्मक सोचाइको व्यवस्थापनमा तर्क र प्रमाणको भुमिका हुन्छ भन्ने व्यक्त गरे । साथै सहभागीले पनि आफ्नो सामाजिक, सांस्कृतिक तथा भाषा सिकाइको वातावरणलाई नै आलोचनात्मक चेतको स्रोतका रूपमा प्रस्तुत गरेको छ । तसर्थ व्यक्तिको आलोचनात्मक चेतका लागि उसको भाषिक, सामाजिक तथा सांस्कृतिक चेतनाले ठुलो भुमिका खेल्दछ भन्ने प्रतिक्रिया सहभागीको देखिन्छ ।

***शिक्षक विद्यार्थी अन्तरक्रिया***

प्रस्तुत अध्ययनको सहभागीले भाषाको कक्षाकोठामा शिक्षक र विद्यार्थीको अन्तरक्रियाबाट आलोचनात्मक लेखाइको कारण बन्दछ भन्ने आशय व्यक्त गरेको छ । उक्त प्रतिक्रियालाई यहाँ प्रस्तुत गरिएको छ :

> *हामी भाषाका सिपको शिक्षणका बारेमा छलफल गर्दै कक्षाकोठामा प्रवेश गर्थ्यौं । उक्त वातावरणले हामीलाई एउटा उर्जा प्रदान गर्थ्यो । भाषा शिक्षाका गुरुहरू कक्षामा प्रवेश गरेपछि भाषाका सिप, भाषिक सिपका मुल्याङ्कन तथा मातृभाषा, बहुभाषा आदि विषयमा छलफल हुन्थ्यो । गुरुहरूले पनि मित्रवत् ढङ्गले हामीसँग अन्तरक्रिया गर्नुहुन्थ्यो । गुरुहरूको उक्त व्यवहारले हामीभित्र हरेक कुरालाई बोध गर्ने, ग्रहण गर्ने तथा विश्लेषणात्मक सिप र वैयक्तिक विकासको उत्प्रेरणा जगाउँथ्यो । मुख्यतः गुरुहरूको मार्गनिदेशनले हामी विद्यार्थीलाई लिखित परियोजना, प्रस्तुतीकरण, सहपाठी समीक्षा, सहपाठी मुल्याङ्कन तथा सामुहिक छलफलको वातावरण तयार पारिदिन्थ्यो र उक्त तयारीले हाम्रो जिज्ञासा र आत्मविश्वासको विकास हुनथाल्थ्यो । विशेषतः कक्षामा प्रश्न सोध्न, साथीका उत्तरमाथि टिप्पणी गर्न आदि कुरामा उत्प्रेरित गर्ने गुरुका कारण हामी अलि बढी आलोचनात्मक बन्न थाल्यौं । साथीहरूका बिचमा हुने छलफल तथा कुराकानीमा पनि विषयगत सहजीकरण गरिदिनुहुन्थ्यो । जसका कारण हाम्रो संवाद पनि विषयोन्मुख र मुद्दाकेन्द्रित बन्न थाल्यो । हाम्रा हरेक क्रियाकलापमा पृष्ठपोषण र प्रतिबिम्बन गरी हामीलाई गुरुहरूको उत्प्रेरणाले भाषाभन्दा पनि पर अरु कुनै विषय वा सन्दर्भ हुन्छ भन्ने कुरामा केन्द्रित बनायो । जो जस्तो भए पनि हरेक विद्यार्थीलाई आफ्नो दृष्टिकोण अभिव्यक्त गर्न गुरुले गर्नुभएको जोडका कारण हामी अधिकांश विद्यार्थी फरक, तर्कपुर्ण र आलोचनात्मक सिपमा केन्द्रित हुन थाल्यौं । भाषाको कक्षाकोठामा अन्तरक्रियात्मक र गुरुहरूको मित्रवत् शैलीका कारण हामी उत्साहित भइरह्यौं । कक्षा पनि गतिशील र सक्रिय बन्थ्यो । सिकौं सिकौं लाग्ने, बोलौं बोलौं लाग्ने वातावरणका कारण हामी गहन रूपले फरक र गतिशील विचार उत्पादनमा अभ्यास गर्न थाल्यौं । फलतः हामी विद्यार्थीहरूको सामाजिक, सांस्कृतिक, शैक्षिक तथा भाषाशैक्षणिक सिपको क्षमतामा वृद्धि हुँदैजान थाल्यो र हाम्रो विचार नै आलोचनात्मक बन्न थालेको अनुभुत गर्न थाल्यौं । भाषाको कक्षाकोठामा शिक्षक विद्यार्थीका बिचमा जति धेरै अन्तरक्रिया हुन्छ त्यति धेरै विद्यार्थीहरू गहन बोध तथा अभिव्यक्त क्षमतामा निपुण हुन्छन् भन्ने अनुभुति हामीले पनि गयौं ।*

प्रस्तुत कहानीमा सहभागीले भाषा शिक्षाको कक्षामा हुने शिक्षक विद्यार्थीका बिचको अन्तरक्रियाले आफ्नो आलोचनात्मक क्षमताको विकास भएको कुरालाई अभिव्यक्त गरेको छ । भाषा शिक्षकले विद्यार्थीसँग गर्ने व्यवहार र अन्तरक्रियाको ढाँचाले पनि विद्यार्थीमा आलोचनात्मक चेत तथा सिपको विकास हुने कुरालाई व्यक्त गरिएको छ । उक्त कथनमा शिक्षकले प्रदान गर्ने लिखित परियोजना,

प्रस्तुतीकरण, सामुहिक कार्य, प्रश्नोत्तर र उत्प्रेरणा तथा समावेशी गतिविधिका कारण हरेक विद्यार्थीमा आलोचनात्मक सिपको विकास भएको देखाइएको छ। वालेस र रेकाले भनेअनुसार कक्षाकोठामा गरिने काम नै अन्तरक्रियात्मक काम हो (सन् २०११, पृ. ९)। भाषाको कक्षाकोठामा शिक्षक र विद्यार्थी मिलेर गरिने कामबाट नै विद्यार्थीमा पनि उत्साही र गतिशील चरित्रको विकास हुन्छ। शिक्षकले जे मार्गदर्शन गर्छन्, विद्यार्थी पनि सोहीअनुकुल आफुलाई समायोजन गर्छन्। विद्यार्थीको हरेक कामलाई सहपाठी, शिक्षक तथा अन्य सहभागीसँग जोडेर पृष्ठपोषण, मुल्याङ्कन तथा समीक्षात्मक ढाँचामा अघि बढ्ने हो भने हरेक विद्यार्थीमा आलोचनात्मक चेतका ले खाइको विकास हुन्छ भन्ने कुरालाई सहभागीको अनुभवले प्रस्तुत गरेको छ।

### *सामाजिक सांस्कृतिक सन्दर्भ*

भाषा शिक्षाका विद्यार्थीको आलोचनात्मक लेखाइमा उनीहरूको सामाजिक सांस्कृतिक सन्दर्भले पनि प्रभाव पार्दछ। विद्यार्थीको सामाजिक पृष्ठभुमि, सांस्कृतिक रहनसहन तथा आफ्नो वैयक्तिक तरिका र शैलीले पनि प्रभाव पारेको हुन्छ। वालेस र रे (सन् २०११) ले ¾आलोचनात्मक लेखाइमा लेखकले जसरी भए पनि आफ्नो दाबीलाई प्रमाणित गर्दछ® भन्ने उल्लेख गरेका आधारमा पनि यस अध्ययनमा सहभागीले दाबी गरेको आफ्नो लेखाइको प्रभावक तत्त्वका रूपमा सामाजिक सांस्कृतिक सन्दर्भलाई लिइएको छ। भाषा शिक्षाका हरेक विद्यार्थीको सिकाइमा उनीहरूको सामाजिक सांस्कृतिक पक्षले प्रभाव पारेको हुन्छ। विद्यार्थीको पृष्ठभुमिअनुसार उसको सिकाइ तथा पृष्ठभुमि तयार हुन्छ। तसर्थ विद्यार्थीको भाषा सिकाइमा पनि उसको सामाजिक तथा सांस्कृतिक सन्दर्भले प्रभााव पारे को हुन्छ। साथै हरेक विद्यार्थी फरकफरक पृष्ठभुमिबाट पनि कक्षामा आउने भएकाले विद्यार्थीहरूको मिश्रित पृष्ठभुमिले सिकाइमा नै प्रभाव पारेको हुन्छ। उक्त कुरासँग सम्बन्धित सहभागीका अनुभवलाई पनि यहाँ जोडिएको छ :

> *भाषाको कक्षाकोठामा विद्यार्थीको पृष्ठभुमिले नै उसलाई प्रथम भाषा वा दोस्रो तथा अर्को भाषाको शिक्षणमा जोडेको हुन्छ। उक्त कुराले हाम्रो भाषाको कक्षामा पनि प्रभाव पार्यो। हरेक विद्यार्थीको सामाजिक सांस्कृतिक पक्षले व्यक्तिको सोचाइ र लेखाइमा पनि प्रभाव पार्दोरहेछ। विद्यार्थीको पृष्ठभुमिले उसको समग्र गतिविधिलाई नै प्रभाव पार्दोरहेछ। हाम्रा हरेक गतिविधिहरू हाम्रै समाज, भाषिक तथा जातीय समुदायका वरिपरि घुमे। हाम्रो सोचाइ पनि हाम्रो समाजको संरचना, वर्ग तथा मुल्य र मान्यताअनुसार मात्रै निर्धारित भयो। हाम्रो भाषाले समाजको मुल्य तथा त्यहाँको भाषाको शक्ति तथा हरेक पक्षसँगको सम्बन्धका आधारमा हामीले अर्थ निर्धारण गर्थ्यौं। हाम्रो सामाजिक संरचना (उमेर, लिङ्ग, जात, धर्म, पेसा, शिक्षा, चेतना, वर्ग) जस्ता पक्षले भाषिक सञ्चार तथा अवधारणामा प्रभाव पार्यो। यद्यपि हाम्रो सामाजिक, सामुदायिक, सांस्कृतिक पक्षले हामीलाई संश्लेषण गर्न उत्प्रेरित गयो र हामीले बहुलतामा आधारित मिश्रित भावना, शैली, मान्यतालाई आफ्नो सोचाइ तथा लेखाइको माध्यम बनायौं। समाजको विविधताअनुसार त्यहाँको दृष्टिकोणमा पनि विविधता आउनु स्वाभाविक ठान्यौं। सांस्कृतिक मान्यताअनुसार हामीले आफ्ना भाषिक प्रकार्यहरू सम्पन्न गर्थ्यौं। हाम्रो कक्षामा उपलब्ध भएका साथीहरूको सामाजिक सांस्कृतिक मान्यताका बिचमा पनि भाषाले कतिको समानता, समावेशिता कायम गर्न सक्छ भन्ने कुरामा हामी केन्द्रित भयौं। कक्षामा प्रयोग गरिने भाषाका संरचनाहरूले विद्यार्थीहरूका बिचमा पनि वर्ग सिर्जना गरिदियो। अलि शुद्ध बोल्ने, उच्चस्तरका शब्द चयन गर्ने विद्यार्थीहरू क वर्गमा पर्यौं भने आफ्नो मातृभाषाका कारण प्रभाव भएको अशुद्ध नेपाली भाषा बोल्ने, तथा सामान्य अलि अनौपचारिक किसिमका शब्दको प्रयोग गर्ने विद्यार्थीहरू ख वर्गमा पर्यौं। उक्त असमानताका बिचमा हामीले आआफ्नो पहिचान खोज्न थाल्यौं। आफ्नो प्रतिनिधित्व खो ज्यौं। कक्षाका हरेक गतिविधिमा आफ्नो पहिचानसहितको प्रतिनिधित्व खोजेपछि हाम्रो आलोचनात्मक सोचाइ र लेखाइको मार्ग बन्न थाल्यो। अनि सबै मिलेर विश्वव्यापी रूपमा रहेको बहुभाषिकता, समावेशिता, मातृभाषा, सहपाठी अध्ययन, पठन संस्कृति, आलोचनात्मक पठन तथा लेखन जस्ता विषयमा छलफल गर्न थाल्यौं। बसाइँसराइ, सांस्कृतिक आत्मसात्करण जस्ता पक्षले प्रभाव परेका कुरामा संवाद गर्यौं। विद्यार्थीहरूको एकअर्काको संस्कृतिप्रति जानकारी राख्ने, अभ्यास गर्ने, चासो लिने तथा सम्मान गर्ने संस्कारको विकास गर्यौं। भाषाको संरचनाभन्दा पर पनि यसको अर्थ लाग्दो रहेछ भन्ने बुझ्न थाल्यौं। अतः हाम्रो बहुलसंस्कृतिको अभ्यासबाट पनि हाम्रो आलोचनात्मक सोच तथा अध्ययनको विकास हुन थाल्यो।*

सहभागीको उपर्युक्त अनुभवअनुसार भाषाको कक्षाकोठामा भाषाले पनि सामाजिक सांस्कृतिक रूपमा वर्ग सिर्जना गर्छ, उक्त वर्गका बिचमा बहुलतामा आधारित गतिविधि गरेमा आलोचनात्मक सिपको विकास हुन्छ भन्ने कुरालाई अभिव्यक्त गरिएको छ। विद्यार्थीको पृष्ठभुमिगत विविधताका बिचमा पनि एकता वा सांस्कृतिक सम्मिश्रण गरी एकअर्काको संस्कृति र मान्यतालाई सम्मान गर्न सकेमा आलोचनात्मक सिपको विकास हुन्छ। कक्षामा सामाजिक सांस्कृतिक मान्यतालाई मात्र जोड गरियो भने विद्यार्थीहरूका बिचमा वर्ग सिर्जना गरेको र उक्त वर्गलाई चिर्नका लागि बहुलतामा आधारित सांस्कृतिक आत्मसात्करणको विकास गरिएको कुरा उसले (सहभागी) पनि व्यक्त गरेको छ। विद्यार्थीहरू फरकफरक परिवेशका हुने भएकाले सोहीअनुकुल दृष्टिकोण बन्नु स्वाभाविक रहेको देखाइएको छ। हरेक व्यक्तिपिच्छे फरकफरक मान्यता र चेतना हुने भएकाले कक्षामा पनि विद्यार्थीहरूका बिचमा साझा धारणाको विकास गरिएको अनुभव अभिव्यक्त भएको छ। तसर्थ भाषा शिक्षाका विद्यार्थीको आआफ्नो भाषिक, सामाजिक, सांस्कृतिक मुल्य, मान्यता तथा पृष्ठभुमि हुने भएकाले उक्त विविधताका बिचमा पनि आलोचनात्मक चेत तथा सिपको विकास हुन्छ भन्ने कुरालाई अभिव्यक्त गरिएको छ।

### *सहभागीको शक्ति सम्बन्ध र गतिशीलता*

भाषा शिक्षाको कक्षाकोठामा विद्यार्थीको आलोचनात्मक लेखाइमा सहभागीको शक्ति सम्बन्ध र गतिशीलताले महत्त्वपुर्ण भुमिका खेल्ने कुरालाई कक्षाकोठाको शक्तिसँग सहभागीको सम्बन्धका रूपमा चर्चा गरिएको छ। कक्षाकोठाको शक्तिसम्बन्धले विद्यार्थीको भाषिक सिपमा पनि प्रभाव पार्दछ। विद्यार्थीका बिचमा रहने सम्बन्ध, शिक्षक विद्यार्थी सम्बन्ध तथा विद्यार्थी र सरोकारवालाका बिचमा रहे को शक्ति सम्बन्धका कारण पनि विद्यार्थीको भाषिक सिपको विकास हुन्छ। अझ आलोचनात्मक लेखाइमा शक्ति सम्बन्धले पारेको प्रभावलाई यस अध्ययनको सहभागीको अनुभवका आधारमा प्रस्तुत गरिएको छ :

विद्यार्थीको आलोचनात्मक लेखाइमा सहभागीको शक्ति सम्बन्धले कसरी आकार प्रदान गर्छ भन्ने कुरा हामीलाई सुरुमा त थाहा भएन । भाषा शिक्षणपरक अभ्यास भएका बेला हामी विद्यार्थीका बिचमा पनि शक्ति सम्बन्धले ठुलो भुमिका खेल्ने पहिचान गर्न थाल्यौँ । बिस्तारै कक्षा चलिरहँदा कक्षाकोठाभित्र गतिविधिमा पनि भाषालगायतका कुराले शक्तिको अभ्यास गरेको अनुभुत गर्न थाल्यौँ । कुनै विषयको व्याख्या गर्दा, शीर्षकको पुष्ट्याँई गर्दा तथा प्रस्तुतीकरण गर्दा पनि शिक्षकको मुख्य अधिकार हुने, कक्षामा अलि बोल्न सक्ने विद्यार्थीको बढी प्रभाव पर्ने भएकाले उनीहरूले भन्नेसाथ ती कुराहरूमा निर्णय हुने कुरा बडो सोचनीय बन्थ्यो । कक्षामा गुरुहरूले के पढ्ने, कति पढ्ने, कसरी पढ्ने, कुन कुन पढ्ने, कसको सामग्री पढ्ने, कसरी व्याख्या गर्ने, कस्तो उदाहरण दिने, कुन राजनीतिको, धर्मको, पेसाको, वर्गको मात्रै नमुना दिने जस्ता कुरामा निर्णय गरिदिने भएकाले हाम्रो कक्षाकोठामा शक्तिसम्बन्धको अभ्यास भएको प्रस्टै देखिन्थ्यो । शिक्षकले भनेका कुराले कुनै विद्यार्थीलाई प्रोत्साहन गर्थ्यो भने कुनै विद्यार्थीलाई दुरुत्साहन वा ओझेलमा नै पर्ने भएकाले उक्त कुरालाई रेखीयढङ्गको शक्तिको प्रयोग भएको कक्षा बन्थ्यो । उक्त वातावरणले पनि हाम्रो आलोचनात्मक सिपको विकास हुन्थ्यो । कतिपय सन्दर्भमा विद्यार्थी शिक्षकको अन्तरक्रिया तथा समन्वयले गर्ने गतिविधिले पनि आलोचनात्मक लेखाइमा प्रभाव पार्दथे । विद्यार्थीहरू आआफ्ना सामाजिक सांस्कृतिक पृष्ठभुमि, सामाजिक स्तर जस्ता कुराले आलोचनात्मक लेखन तथा विश्लेषणमा प्रभाव पार्दथे । हाम्रो विश्लेषणमा कहीँ न कहीँ आफ्नो समाज, संस्कृति तथा पृष्ठभुमिको प्रभाव परिजान्थ्यो । शक्ति सम्बन्धका आधारमा शैक्षिक सामग्रीको उपलब्ध वा पहुँच हुन्थ्यो । शिक्षकले विशेष विशेष मात्र सामग्रीको सन्दर्भ बताइदिने, उक्त निर्देशनका आधारमा विद्यार्थीले आफ्नो तयारी गर्नुपर्थ्यो । सामग्रीका स्रोतको पहुँचमा असमानताका कारण विद्यार्थीको सिप तथा सम्पादनमा प्रभाव पार्थ्यो । त्यसैगरी कक्षाका विद्यार्थीको प्रतिनिधिमुलक आवाजले पनि प्रभाव पार्थ्यो । उक्त प्रतिनिधित्वका कारणले आलोचनात्मक लेखाइमा पनि शिक्षकले भुमिकाका कारण कसको प्रतिनिधित्व भएको छ वा कसको भएको छैन भन्ने विषय निर्णित हुन्थ्यो । भाषिक तथा सांस्कृतिक सम्पादनका सन्दर्भमा विद्यार्थीहरू कसरी आफ्नो लेखाइमा सांस्कृतिक पक्षलाई पनि समेट्न सक्छन् भन्ने कुरा मुख्य बन्थ्यो । हामी पनि आफ्नो लेखाइमा कहीँ न कहीँ आफ्नो पृष्ठभुमिका कुरालाई मिसाइजान्थ्यौँ । उक्त गतिविधिका कारण हाम्रो दिमागमा पनि आलो चनात्मक सोचाइको बीजको विकास हुनथाल्यो । साथै विद्यार्थीको शक्ति सम्बन्धका कारण उसको लेखनमा पनि समाजको संरचनालाई भाषाले कसरी सम्बोधन गर्न सक्तछ भन्ने कुराले प्रभाव पार्यो । शिक्षकको दृष्टिकोणबाट विद्यार्थीले लेखन प्रभावित हुन्थ्यो । शिक्षकले तयार पारेको ढाँचामा नै हामी विद्यार्थीले काम गर्नु पर्थ्यो । शिक्षकको बनाइ वा प्रस्तुति अलि दबाउने खालको हुन्थ्यो । हामी विद्यार्थी पनि दबिएर नै आफ्ना गतिविधि गर्थ्यौँ । यद्यपि शिक्षकले प्रदान गरेका विभिन्न बहुवैकल्पिक ढाँचाका वातावरण र शैलीले विद्यार्थीको आलोचनात्मक लेखाइजन्य सिपको विकास गर्थ्यो । कक्षामा प्राप्त गरेका समावेशी चरित्रका गतिविधिले विद्यार्थीको सिपलाई जगेर्णा गर्थ्यो । साथै उत्प्रेरणाका कारण विद्यार्थी अग्रगामी बन्ने हो वा पश्चगामी बन्ने हो भन्ने निक्र्यौल गर्थ्यो ।

माथिका कथनले सहभागीको आलोचनात्मक चेतको विकासमा के के पक्षले भुमिका खेले भन्ने कुरालाई व्यक्त गरेको छ । प्रश्न सो ध्ने बानीले आलोचनात्मक चेतको विकास गर्छ भन्ने आशयमा सहभागीको उक्त कहानी केन्द्रित छ । भाषाको कक्षाकोठामा शिक्षकको दबदबामा शिक्षण गतिविधि सञ्चालन हुन्छ । पाठ्यक्रम पनि शिक्षक नै बनाउँछन्, शिक्षण गतिविधि पनि शिक्षक नै सञ्चालन गर्छन्, सामग्री पनि शिक्षक नै बनाउँछन्, दृष्टिकोण पनि शिक्षक नै दिन्छन् र उनीहरूको मान्यताभित्र मात्रै विद्यार्थीले आफ्ना गतिविधि गर्नुपर्छ । ती सबै कुरा शिक्षणको शक्ति सम्बन्धमा आधारित छन् । सहभागीको मतमा शिक्षण क्रियाकलापमा शिक्षकको दृष्टिकोण नै शक्तिशाली हुन्छ । कक्षाकोठाको विविधतालाई नियन्त्रण गर्नका लागि शिक्षकले साझा दृष्टिकोण बनाउनुपर्छ । उक्त दृष्टिकोणले कति विद्यार्थीका आत्सम्मानलाई सम्बोधन गर्न पनि सक्छ, नगर्न पनि सक्छ भन्ने धारणालाई सहभागीले प्रस्तुत गरेको छ ।

भाषा शिक्षणका हरेक गतिविधिमा शिक्षकको दमन भएपछि विद्यार्थीको आलोचनात्मक लेखन पनि प्रभावित हुन्छ भन्ने आशय यहाँ प्रकट गरिएको छ । विषयको छनोट, व्याख्याको ढाँचा, शीर्षक चयन, शीर्षकको प्रस्ट्याँइ आदिमा शिक्षकको बढी भुमिका हुने भएकाले आलोचनात्मक लेखाइ पनि प्रभावित हुन्छ । तसर्थ विद्यार्थीले प्रश्न गर्ने वातावरण प्राप्त गरेपछि आलोचनात्मक चेतको विकास हुन्छ भन्ने आशय अभिव्यक्त भएको छ ।

**निष्कर्ष**

भाषा शिक्षाको कक्षाकोठामा आलोचनात्मक चेतको विकास हुनका लागि शिक्षक, विद्यार्थी, सरोकारवाला तथा सामग्रीको समेत महत्त्वपुर्ण भुमिका रहने कुरालाई सहभागीका दृष्टिकोणले अभिव्यक्त गरेको छ । प्रस्तुत लेखमा सहभागीको अध्ययनका पृष्ठभुमिदेखि आलोचनात्मक लेखनलाई पेसा बनाएका सन्दर्भसम्म विभिन्न घटना तथा भाषाको कक्षाकोठामा हुने गतिविधिलाई समेत आलोचनात्मक लेखाइको स्रोतका रूपमा चर्चा गरिएको छ ।

भाषाको कक्षाकोठामा हुने विभिन्न गतिविधि तथा शिक्षक विद्यार्थीको व्यवहारले पनि आलोचनात्मक लेखाइमा प्रभाव पार्दछ। सहभागीका अनुभवहरूलाई यहाँ जम्मा चारवटा थिममा प्रस्तुत गरिएको छ : आलोचनात्मक चेतको अनुभव र विकास, शिक्षक विद्यार्थी अन्तर क्रिया, सामाजिक सांस्कृतिक सन्दर्भ, सहभागीको शक्ति सम्बन्ध (अधिकार, आवाज र विषय) । ती हरेक थिमले विद्यार्थीले कक्षाकोठामा पाएका वातावरण तथा शिक्षक विद्यार्थीको मित्रवत् सम्बन्ध, सहपाठीसँगको सामुहिक कार्य एवम् व्यक्तिको सामाजिक सांस्कृतिक पृष्ठभुमिले आलोचनात्मक लेखाइलाई प्रभाव पारेका कुरालाई अभिव्यक्त गरेका छन् । शिक्षकले दिएको लिखित परियोजना, शिक्षकको अधिकार र कक्षाकोठामा रहेको शक्ति, विषयवस्तुको चयन तथा विद्यार्थीपिच्छेको विश्लेषण अनि भाषाले खेलेको भुमिकाका आधार मा विद्यार्थीको आलोचनात्मक लेखनको विकास हुने कुरा देखाइएको छ । विद्यार्थीको वैयक्तिक भिन्नताका कारण कक्षाकोठामा वर्गको निर्माण हुने र उक्त वर्गका कारण विद्यार्थीमा असमान व्यवहारको अनुभुत हुने कुरा पनि अभिव्यक्त गरिएको छ । साथै विद्यार्थीलाई हरे क सामग्रीको पहुँचमा सहजीकरण गर्ने, समुहमा मिलेर खेल्ने, लेख्ने बानीको विकास गर्ने, विद्यार्थीको आत्मसम्मानमा आधारित प्रश्नो त्तर गर्ने क्रियाकलापले आलोचनात्मक सिपको विकासमा मदत पुर्‍याउने कुरालाई पनि अभिव्यक्त गरिएको छ ।

शिक्षकको सहजीकरण तथा कक्षाका विद्यार्थीको फरक फरक पृष्ठभुमिलाई संश्लेषण गर्नका लागि निर्माण गरिएको वातावरणले आलो चनात्मक लेखाइलाई प्रभाव पार्दछ । विद्यार्थी विद्यार्थी, शिक्षक विद्यार्थी तथा विद्यार्थी र सरोकारवालाका बिचमा भएका एकआपसका अन्तरक्रिया, प्रश्नोत्तर कार्यक्रम तथा सांस्कृतिक आत्मसात्करणले पनि विद्यार्थीहरूमा आलोचनात्मक लेखन तथा पठनमा प्रभाव पार्दछ

। सामाजिक तथा शैक्षिक विषयमा विद्यार्थीको समान पहुँच भएमा पनि विद्यार्थीको चेतना तथा वर्गीय चेतनाको मार्ग बदलिन सक्छ । भाषा शिक्षाका हरेक गतिविधिमा हरेक विद्यार्थीको संलग्नता भएको समावेशी तथा प्रतिनिधिमुलक गतिविधिले पनि आलोचनात्मक सिपको विकास हुन्छ । यथार्थमा भाषाका कक्षाकोठामा प्रश्न सोध्ने वातावरण शिक्षक स्वयम्ले बनाउनुपर्दछ । जस्तै; स्याउ कसरी खस्यो ? वा आकास किन निलो छ ? भन्ने प्रश्न नसोधिएको वा जिज्ञासा नराखिएको भए आज विज्ञान यहाँसम्म पुग्दैन थियो । महाभारतमा अर्जुनले कृष्णलाई प्रश्न सोधेका थिएनन् भने गीता लेखिंदैनथ्यो । पिकासोले भनेका छन् कि- एउटा अर्थशास्त्रीले अर्थशास्त्रीको मात्र सङ्गत गर्ने होइन, मानवशास्त्रीको पनि सङ्गत गर्नु जरुरी छ । शिक्षकले शिक्षकको मात्रै नभएर विद्यार्थीको पनि सङ्गत गर्नु जरुरी छ । अफिसको म्यानेजरले जुनियरको स्टाफसँग बेला बेलामा कुरा गर्ने हो भने सम्बद्ध सबैको सोच फराकिलो बनाउँछ । आलोचनात्मक चेतले हाम्रो सोचलाई त फराकिलो बनाउँछ नै अर्को व्यक्ति वा पक्षको दृष्टिकोण बुझ्ने अवसर पनि प्राप्त हुन्छ । उक्त सन्दर्भका वालेस र रे (सन् २०११) ले ¾आलोचनात्मक लेखाइमा लेखकप्रतिको विश्वासमात्र हुँदैन, विश्वदृष्टि वा दृष्टिकोण, व्याख्या तथा औचित्यको पुष्ट्याँइका कुरालाई पनि प्रस्तुत गर्दछ® भन्ने चर्चा गरेका छन् । हामीले पनि आफ्नो वरिपरिका कुरीति, विसङ्गति र सिन्डिकेटमा प्रश्न गर्नु, तथ्यसहित बहस गर्नु र सुधारका निम्ति नेतृत्व गर्नु पनि आलोचनात्मक सिपको परिणाम बन्दछ । आफ्ना विचार वा दृष्टिकोणलाई स्थायी बनाएर होइन बेलाबेलामा परिमार्जन गर्दै र तथ्यको खोज गरी आफ्नै विचारलाई थप पुष्टि गर्नु आलोचनात्मक सिपको विकास हुनु हो । हरेक विषय र घटनामा प्रश्न सोध्ने गरेमा परिवर्तनको पनि सुरुवात हुन्छ । आलोचनात्मक वा समीक्षात्मक सिप भएको विद्यार्थीले फरक धारणा राखेमा शिक्षकको पुर्वमान्यताका कारण उक्त धारणा दमनमा पर्दछ । विद्यार्थीका फरक धारणालाई समेट्दै अघि बढ्ने वातावरण बनाएमा विद्यार्थीमा आलोचनात्मक सिपको विकास हुन थाल्दछ ।

नेपाली भाषा शिक्षणमा पनि विद्यार्थीलाई प्रश्न सोध्ने बानीको विकास गरेमा, प्रश्न सोध्न प्रोत्साहन गरेमा (के, किन, कसरी, कसले, कहिले) तथा कक्षाकोठाको भाषालाई वर्गरहित बनाइएमा विद्यार्थीहरूमा आलोचनात्मक सिपको विकास हुनसक्दछ ।

**सन्दर्भसामग्री सुची**


अइलिन, गुल्नर र बैसन, सुल्तान (सन् २०१८), पर्सेप्सन्स् अफ पोस्टग्राजुएट स्टुडेन्ट्स् अन एकेडेमिक राइटिङ स्किल्स् : अ मेटाफोर एनलाइसिस् स्टडी, *जर्नल अफ ल्याङ्ग्वेज एन्ड लिङ्ग्विस्टिक स्टडिज, १४* (२), २१२-२३९ ।

अधिकारी, सुर्यप्रसाद (सन् २०२१), रिभिलिङ् द स्टोरी अफ एन इन्डिभिजुअल थ्रो न्यारेटिभ इन्क्वायरी : अ मेथडोलोजिकल रिभ्यु, *इन्टरडिस्प्लिनरी रिसर्च इन एजुकेसन, भोल.*६ (१), ७१-८० ।

काजाजोग्लु, से.(सन् २०२२), *क्रिटिकल रिडिङ एन्ड राइटिङ इन द २१स्ट सेन्चुरी* (सम्पा), क्याम्ब्रिज स्कोलर्स पब्लिसिङ ।

कुमार, रञ्जित (सन् २०१४), *रिसर्च मेथोडोलोजी* (तेस्रो संस्क), सेज ।

कोहेन, लुइस, म्यानियन, लौरेन्स र मोरिन्सन, कैथ (सन् २०१८), *रिसर्च मेथड्स् इन एजुकेसन* (आठौँ संस्क.), रुटलेज ।

क्रस्वेल, जे. डब्लु. (सन् २००५), *एजुकेसनल रिसर्च : प्लानिङ्, कन्डक्टिङ, एन्ड इभालुएटिङ क्वान्टिटेटिभ एन्ड क्वालिटेटिभ रिसर्च,* अपर स्याडल रिभर, न्यु जर्सी ।

क्रस्वेल, जे. डब्लु. र क्रस्वेल, डि.जे. (सन् २०२३), *रिसर्च डिजाइन : क्वान्टिटेटिभ, क्वालिटेटिभ एन्ड मिक्स् अप्रोचेज* (छैठौँ संस्क.), सेज ।

गुड्सन, पट्रिसिया (सन् १९६५), *बिकमिङ एन एकाडेमिक राइटर* (दोस्रो संस्क.), सेज ।

ग्रिन, स्टुआर्ट र लिडिन्स्की, अप्रिल (सन् २०१५), *फ्रम इन्क्वाइरी टु एक्याडेमिक राइटिङ* (तेस्रो संस्क.), बेदफोर्डस्, सेन मार्टिन ।

जोन्सन, बुर्के आर., क्राइस्टेन्सन, ल्यारी (सन् २०१३), *एजुकेसनल रिसर्च : क्वालिटेटिभ, क्वान्टिटेटिभ एन्ड मिक्स्ड मेथोड्स्* (पाँचौ संस्क.), सेज ।

जोन्स्, इ.ए., र र्‍याटक्लिफ, जि.(सन् १९९३), *क्रिटिकल थिन्किङ स्किल्स् फर कलेज स्टुडेन्ट्स्* ।

डोमिँगो, सि.इ.(सन् २०१३), *रिफ्लेक्टिभ प्राक्टिसेस एज अ मेकानिज्म फर प्रोफेसनलिज्म डेभलपमेन्ट : अ न्यारेटिभ इन्क्वायरी* : एन अनपब्लिस्ड मास्टर्स डेजर्टेसन : स्टेलेन्बोस्क युनिभर्सिटी ।

नेपाल, शक्तिराज (सन् २०२३), थेसिस लेखनमा पुर्वकार्यका समीक्षाको प्राज्ञिकता, *सोलुखुम्बु मल्टिपल क्याम्पस रिसर्च जर्नल,* (५), १, ९२-१०४

नेपाल, शक्तिराज (सन् २०२४), भाषाशिक्षकको पेसागत विकासका कार्यक्रमको प्रभावकारिता : न्यारेटिभ विश्लेषण, *प्रज्ञारत्न,* (६), १, ३१-४१ ।

नेपाल, शक्तिराज (सन् २०२४), अनुसन्धानात्मक लेखसारको प्राज्ञिक विश्लेषण, *पनौती जर्नल,* (२), १, १२१-१३५ ।

पेन्डिभाइल, पेट्रिसिया (सन् २००४), *डेभलपिङ फेसिलिटेसन स्किल्स् : अ हेन्डबुक फर ग्रुप फेसिलिटेटर्स,* कम्ब्याट पोभर्टी एजेन्सी ।

पोखरेल, टि.आर.(सन् २०१०), *क्रिटिकल थिन्किङ प्राक्टिसेज इन म्याथमेटिक्स् क्लासरुम इन नेपाल,* एन अनपब्लिस्ड एमफिल डेजर्टेसन, स्कुल अफ एजुकेसन ।

मुरे, रोविना र मोर, साराह (सन् २००६), *द ह्यान्ड बुक अफ एक्याडेमिक राइटिङ अ फ्रेस अप्रोज,* ओपन युनिभर्सिटी प्रेस ।

युनिभर्सिटी पार्क, पिए: नेसनल सेन्टर अन पोस्टसेकेन्डरी टिचिङ्, लर्निङ, एन्ड एसेस्मेन्ट ।.

राथेश्वरी, के. (सन् २०१८), इन्फर्मेसन कम्युनिकेसन टेक्नोलोजी इन एजुकेसन, *जर्नल अफ अप्लाइड आयन्ड एड्भान्स्ड रिसर्च डेभलपमेन्ट अफ भेलु एजुकेसन* ।

रिउहर्न, एस.(सन् २०१८), राइटिङ योर सक्सेसफुल लिटेरेचर रिभ्यु, *जर्नल अफ ज्योग्राफी इन हाइयर एजुकेसन,* ४२, १४३–१४७ ।

वालवर्क, एड्रियन (सन् २०११), *इङ्लिस फर राइटिङ् रिसर्च पेपर्स,* स्प्रिङ्गर ।

वालेस, एम.र रे, ए. (सन् २०११), *क्रिटिकल रिडिङ् एन्ड राइटिङ फर पोस्टग्राजुएट्स्* (दोस्रो संस्क.), सेज ।

वेब्स्टर, एल. र मेर्टोभा, पि.(सन् २००७), *युजिङ न्यारेटिभ इन्क्वायरी एज अ मेथोड,* रुटलेज ।

हेड, के.एन्ड टैलर, पि. (सन् १९९७), *रिडिङस् इन टिचर डेभलपमेन्ट,* अक्स्फर्ड हैलमैन ।